# पञ्चपुरी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल ।

## पुन बोलपत्र आव्हानको सूचना

***दोस्रो पटक प्रकाशित मिति: २०७६।०१।१५***

यस कार्यालयबाट चालु आ.व. ०७५।०७६ मा तपसिलको कार्य ठेक्कापट्टाद्वारा गराउनु पर्ने भएकोले इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुको हकमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त फर्म/कम्पनीहरु संग Joint Venture सम्झौता गरी वा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र **रु.३,०००।** **(तीन हजार)** मात्र पछि फिर्ता नहुने गरी **राष्ट्रिय वाणिज्य बैंक**,सुर्खेत शाखामा रहेको यस कार्यालयको **खाता नं. ४०८०३०४०१८१०५** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै बुझाई नविकरण गरेको इजाजत पत्र,स्थायी लेखा न.,मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.२०७४।०७५ कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन पेश गरेमा प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति : **२०७६-०१-२९ गते** सम्म कार्यालय समय भित्र ।

३. बोलपत्र दर्ता गर्ने अन्तिम मिति र स्थान:-**२०७६-०१-३० गते दिनको १२ :०० बजे** भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४. बोलपत्र खोल्ने मिति :-**२०७६-०१-३० गते दिनको २ :०० बजे** बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरीद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुल्ने पहिलो दिन सोहि समयमा उक्त कार्य हुने छ ।

६. बोलपत्र साथ जमानत बापत तपशिल बमोजिमको रकम बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक बाट घटिमा बोलपत्र खोलेको मितिले **१२० (एक सय बीस) दिन** म्याद भएको सक्कल बिडबण्ड पेश गर्नुपर्ने छ ।

७. बोलपत्र फाराममा स्पष्ट रुपले बुझिने गरी ठेक्का नम्बर, कार्यको नाम, फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर, E-mail ID उल्लेख गरी सही छाप भएको हुनु पर्ने छ ।

८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट पेश गर्न पाइने छैन ।

९. रित नपुगी,शर्त राखी र म्याद नाघि आएको बोलपत्र माथि कुनै कार्यवाही हुने छैन ।

**बैंकको नाम** : **राष्ट्रिय वाणिज्य बैंक,सुर्खेत**
**खाता नं** : **४०८०३०३००७१०५**
**कार्यालयको नाम** : **पञ्चपुरी नगरपालिका बाबियाचौर, सुर्खेत**

१०. बोलपत्र फाराममा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. निर्माण सम्बन्धी स्पेशिफिकेशनको हकमा टेण्डर डकुमेन्टसमा उल्लेखित टेक्निकल स्पेशिफिकेशन र नर्मस् पालना गर्नुपर्नेछ ।

१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. बोलपत्र दाताले बोलपत्रमा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ ।

१४. बोलपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्रो संग बुझि बोलपत्र पेश गर्नु पर्नेछ ।

१५. सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार तोकेका आधारहरु पुरा नभएको, रित नपुगेको म्याद भित्र दर्ता नभएका तथा यस सूचना एवं बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१६. अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

***तपशील***

| सि. नं | ठेक्का नं. | कामको विवरण र निर्माण स्थल | ल.ई. रकम (मु.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बैंक जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | PMO-SKT-W-NCB -DWS-20-075-076 | गोगनपानी खानेपानी आयोजना निर्माण (पञ्चपुरी ६, लाटीकौडा, सुर्खेत) | ५२,५०,७१३।७९ | ३,०००।० | १,७४,०००।०० |
| २. | PMO-SKT-W-NCB -DWS-21-075-076 | ताउले सोलार लिफ्ट खानेपानी आयोजना निर्माण (पञ्चपुरी ११, ताउले,सुर्खेत) | ४६,०७,७५७।१८ | ३,०००।० | १,५४,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**